**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**माननीय न्यायाधीश श्री विनोद शर्मा**
**आदेश**

**०७५-WO-००५५**

**विषय- <u>उत्प्रेषण परमादेशसमेत।</u>**

काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता दिपक विक्रम मिश्र..........................................................................१ — **निवेदक पक्ष**

**विरुद्ध**

सम्माननीय न्याय परिषद अध्यक्ष ज्यू, न्याय परिषद सचिवालय, रामशाहपथ काठमाडौं...........................................................................१
न्याय परिषद सचिवालय, रामशाहपथ काठमाडौं.........................................१
कानून, न्याय तथा संसदीय मामिला मन्त्री तथा न्यायपरिषद सदस्य ज्यू, न्यायपरिषद सचिवालय, रामशाहपथ काठमाडौं.........................................१
सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एवं न्याय परिषद सदस्यज्यू न्यायपरिषद रामशाहपथ काठमाडौं............................................................................ १
सम्माननीय प्रधानमन्त्री ज्यूबाट सिफारिस माननीय न्यायपरिषद सदस्य ज्यू न्याय परिषद, रामशाहपथ काठमाडौं...........................................................१
नेपाल बार एसोसिएसन द्धारा सिफारिस माननीय न्याय परिषद सदस्य ज्यू न्यायपरिषद, रामशाहपथ काठमाडौं न्यायपरिषद्का सचिवज्यू न्यायपरिषद, रामशाहपथ काठमाडौं...............................................................१

— **प्रत्यर्थी विपक्षी**

**नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-**

**१. <u>रिट निवेदन बेहोराः</u>**

म निवेदक कानून व्यवसायको क्षेत्रमा क्रियाशिल रहँदै आएको एक नेपाली नागरिक भएको नाताले देशमा राज्य व्यवस्था गलत ढङ्गले संचालन नहोस, संविधान र कानूनको पालना होस्, संविधान कानूनको मर्म र भावनामा कही कतैबाट आँच नपुगोस, कहि कतैबाट कानून उल्लंघन भई संविधानको मर्म भावनामा आँच पुर्‍याउने काम गरिएमा त्यसको कानूनी र संवैधानीक निरुपणका निम्ति कटिवद्ध रहेको एउटा नेपाली नागरिक भएको नाताले देश र समाज प्रति जिम्मेवारी वहन गर्दै सार्वजनिक सरोकारको विषय लिई रिट निवेदनमार्फत सम्मानित इजलाससमक्ष उपस्थित भएको छु। न्याय परिषद सचिवालय र यसका जिम्मेवार पदाधिकारी तथा सदस्यहरुले समयमा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति नगर्दा समयमा मुद्दा फछ्र्यौट हुन नसकेको, नेपाली नागरिकहरुले समयमा न्याय नपाई कानूनको समान संरक्षण पाउनबाट बञ्चित हुनु परिरहेको छ। नेपालको संविधानको धारा २० ले न्याय सम्बन्धी हकको व्यवस्था गरेकामा ऐ. को उपधारा ९ मा कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। नेपालको संविधानको प्रस्तावनामा नै हामी सार्वभौमसत्ता र राजकियसत्ता सम्पन्न नेपाली जनता प्रतिस्प्रर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारण लगायत लोकतान्त्रिक मूल्य मान्यता प्रतिको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै भनी स्वतन्त्र न्यायपालिकाको अवधारणालाई आत्मसाथ गरिएको छ। साथै नेपालको संविधानको भाग ३ मा मौलिक हकको कार्यान्वयन गर्न गराउन धारा १०७(१) अनुसार नेपालको संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गर्नसमेत सम्मानित सर्वोच्च अदालतमा धारा १२९ को उपधारा (१) बमोजिम आवश्यक मात्रमा माननीय न्यायाधीशहरु नियुक्ति गरी जनतालाई छिटो छरितो र सर्वसुलभ रुपमा न्याय दिन आवश्यक भएकोले यो रिट निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएको छु। सर्वोच्च अदालतमा करिब पच्चीस हजारभन्दा बढी मुद्दाहरु विचाराधीन रहेको छ। साथै

सार्वजनिक सरोकारका विषयहरुसँग सम्बन्धित रिट निवेदनहरुसमेतमा वर्षौंसम्म पालो नआउदा अदालतबाट न्याय पाउनु वा नपाउनुमा कुनै विभेद नहुने स्पष्ट छ।
नेपालको संविधानको धारा १२८ मा सर्वोच्च अदालत व्यवस्था गरी ऐ. को धारा १२९ मा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको अतिरिक्त बढिमा बीस जनासम्म अन्य न्यायाधीशहरु रहने छन् भन्ने व्यवस्था गरिएको छ। हाल सर्वोच्च अदालतमा मुद्दाको संख्या करिब पच्चीस हजार पुग्न लाग्दा पनि विपक्षीहरुले सर्वोच्च अदालतमा दरबन्दी अनुसार स्थायी न्यायाधीश नियुक्ति नगरी आम नागरिकहरुलाई न्याय पाउनबाट बञ्चित गरिरहनु भएको मात्र छैन, न्याय पाउने निवेदक लगायत आम नेपाली नागरिकहरुको मौलिक तथा कानूनी हक अधिकारमा अनुचित बन्देज लगाई रहनु भएकोछ। त्यसो हुनाले विपक्षीहरुले समयमा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति नगर्नाले जनताको मौलिक हकमा अनुचित बन्देज लगाएको देखिन्छ। मौलिक हकको अनुचित बन्देज फुकुवा गरी सर्वसुलभ र छिटो न्याय दिने कार्यका लागि सर्वोच्च अदालतमा रिक्त रहेका न्यायाधीशहरु तत्काल नियुक्ति गर्नु भनी उपयूक्त आदेश जारी गरी पाउँन यो निवेदन लिई उपस्थित भएको छु। सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुको उमेरको हदबाट अवकाश पाउनु भन्दा एक महिना अगाडि नै र उमेरको हदबाट अवकाश भएकोमा बाहेक अन्य कारणाट सर्वोच्च अदालतको न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषद्ले पद रिक्त भएको मितिले एक महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा सो अनुसारको जिम्मेवारी बहन गरेको छैन। सर्वोच्च अदालतमा मुद्दाको संख्या अत्याधिक बढ्न गएको देख्दादेख्दै आवश्यक संख्यामा न्यायाधीशहरु नियुक्ति नगरी आम नागरिकहरुलाई दुःख दिने काम विपक्षीहरुबाट भएको छ। जसले गर्दा जनताहरुलाई न्यायपालिकाले समयमा नै दिनुपर्ने सेवा दिन ढिला भएको हुँदा न्यायपालिका प्रति नै जनविश्वासमा ह्रास आउन सक्ने अवस्था सिर्जना भएकोछ। सो हुनाले अबका दिनमा न्यायाधीश नियुक्तिका कारणले जनताहरुले दुःख पाउनु पर्ने दिन कहिल्यै नआउने गरी काम गर्न, समयमा न्यायाधीश नियुक्तिको सिफारिस गर्नु भनी विपक्षी न्याय परिषद सचिवालय एवं यस्का पदाधिकारीहरुको नाममासमेत अन्तरिम आदेशसहित उपयुक्त आदेश जारी गरिपाऊँ। साथै संविधान र कानूनले स्पष्ट रुपमा तोकेको काम तदारुकताका साथ समयमा नै सम्पन्न गरी न्याय दिने जस्तो गम्भीर काम गर्नुपर्ने सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुको उमेरको हदबाट अवकाश पाउनुभन्दा एक महिना अगाडी

नै कानूनले निर्धारण गरेबमोजिम न्यायाधीश नियुक्तिका लागि सिफारीस गर्ने कार्यमा विलम्ब नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश लगायत उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको **रिट निवेदक अधिवक्ता दिपक विक्रम मिश्रले यस अदालतमा दायर गरेको रिट निवेदन।**

२. <u>यस अदालतबाट भएको कारण देखाउ आदेशको बेहोराः</u>

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी गर्नु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए साथै राखी म्याद प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको एकएक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुलाई सूचना दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानूसार पेश गर्नु। साथै अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन मागका सन्दर्भमा हेर्दा प्रस्तुत निवेदनको अन्तिम सुनुवाई हुँदा निरुपण गरिने प्रकृतिको प्रश्न प्रस्तुत रिट निवेदनमा समावेश रहेको देखिँदा सुविधा सन्तुलनसमेतका दृष्टिले पनि हाललाई अन्तरिम आदेश जारी गरी रहन परेन नियमानूसार गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७५।०४।२१ गते भएको आदेश।

३. <u>विपक्षीहरुको लिखित जवाफको बेहोराः</u>

न्याय परिषद ऐन, २०७३ को दफा ४(१) ले न्याय परिषदले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकीन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तिमा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्नेछ। त्यस्तै उपदाफा (२) ले उमेरको हदबाट अवकाश भएकोमा बाहेक अन्य कारणबाट सर्वोच्च अदालतको न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषदले त्यस्तो पद रिक्त भएको मितिले एक महनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ भन्ने व्यवस्था गरेको छ। संविधानको धारा १२९ (१) ले सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बीस जना न्यायाधीशहरू रहनेछन् भन्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने दायित्व र कर्तव्य न्याय परिषदमा रहेको छ। सोही धारा १५३ को (७) मा न्याय परिषदले यस संविधानबमोजिम सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीशको पदमा नियुक्त हुन योगयता पुगने व्यक्तिहरूको अध्यावधिक अभिलेख तयार गर्नुपर्ने छ भन्ने व्यवस्था भएअनुसार यस सचिवालयले क्रमिक रूपमा न्यायाधीश नियुक्तिको लागि अभिलेख तयार

गर्दै आइरहेको छ। सोही अनुसार सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदमा समय समयमा न्याय परिषदले सिफारिस गर्दै आइरहेको छ। नेपालको संविधान जारी भएपछि न्याय परिषदले मिति २०७२।११।१८ मा एघार जनालाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको सिफारिस गरेको, त्यस्तै मिति २०७३।०९।१८ मा दुई जनालाई र मिति २०७४।०५।२८ मा तीन जनालाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको सिफारिस गरिसकेको अवस्था छ। यसरी संविधानले न्याय परिषदलाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा सिफारिस गर्ने गरी तोकिएको दायित्व र कर्तव्य पुरा गर्दै आइरहेको छ। न्याय परिषदमा प्रधान न्यायाधीश अध्यक्ष, संघीय कानून तथा न्याय मन्त्री सदस्य, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सदस्य, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको कानूनविद सदस्य, नेपाल बार एसोशेनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तिमा बीस बर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता सदस्य रहने व्यवस्था गरेकोछ। यदाकदा कहिले काहीं प्राविधिक कारण या अन्य परिस्थितिजन्य कारणको उत्पति भएबाट न्याय परिषदले उल्लेखित व्यवस्थाबमोजिमको संरचनामा पूर्णता पाउन नसकेको अवस्था पनि आउने गरेको छ। यस्तै प्राविधिक कारणले केही रिक्त पदमा नियुक्तिको सिफारिस हुन समय लागेको विषयलाई लिएर अनावश्यक ढिलाई भएको र नेपाली नागरिकले समयमा न्याय नपाएको भनी अर्थ गर्न मिल्दैन। केही प्राविधिक कारणले केही रिक्त पदमा नियुक्तिको सिफारिस हुन समय लागेको विषयलाई लिएर अनावश्यक ढिलाई भएको भन्ने अर्थ गर्न मिल्दैन। संविधान तथा कानूनले तोकेको योग्यता र मापदण्ड पुरा गरेका व्यक्तिहरूलाई न्यायाधीशको पदमा सिफारिस गर्ने कार्य र दायित्व परिषदलाई भई आएकोले आगामी दिनमा पनि न्याय परिषदले आफ्नो संवैधानिक एवं कानूनी कर्तव्य निर्वाह गर्ने नै हुँदा र सचिवको के कुन कार्यले निवेदकको संविधान तथा कानून प्रदत्त हकमा आघात पुग्न गएको हो, सो कुरा स्पष्ट रूपमा खुलाउन सकेकोसमेत नहुँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था छैन। प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **न्याय परिषद सचिवालयको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।**

न्याय परिषद ऐन, २०७३ को दफा ४ (१) ले न्याय परिषदले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकीन गरी त्यस्तो रिक्त हुनुभन्दा कम्तिमा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्नेछ। त्यस्तै उपदाफा (२) ले उमेरको हदबाट अवकाश भएकोमा बाहेक अन्य कारणबाट सर्वोच्च अदालतको

न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषदले त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ भन्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १२९(१) ले सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बीस जना न्यायाधीशहरू रहने छन् भन्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने दायित्व र कर्तव्य न्याय परिषदलाई दिएको छ। यदाकदा न्याय परिषदको सदस्यहरु समयमा नै नियुक्ति लगायतका विषयको कारणबाट सर्वोच्च अदालतको केही रिक्त न्यायाधीशको पदमा नियुक्तिको सिफारिस हुन समय लागेको विषयलाई लिएर अनावश्यक ढिलाई भएको र नेपाली नागरिकले समयमा न्याय नपाएको भनी अर्थ गर्न मिल्दैन। समग्र रूपमा संवैधानिक, कानूनी परिस्थिति र अवस्थालाई हेरी संविधान तथा कानूनले तोकेको योग्यता र मापदण्ड पुरा गरेका व्यक्तिहरूलाई न्यायाधीशको पदमा सिफारिस गर्ने कार्यमा सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ। आगामी दिनमा पनि संवैधान र कानूनले तोकेको दायित्व र कर्तव्य निर्वाह गर्ने कार्यमा परिषद प्रतिबद्ध रहेको छ। रिट निवेदकले संविधान र कानूनले प्रदान गरेको के कुन हक हनन् भएको हो, सो कुरा स्पष्ट रूपमा खुलाउन सकेको छैन। परिषदको अध्यक्षको हैसियतले निर्वाह गर्नुपर्ने संवैधानिक दायित्व र कर्तव्यबाट निवेदकको कुनै हक हनन् भएको अवस्था नहुँदा प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **न्याय परिषदको अध्यक्षको तर्फबाट यस अदालतमा पेश भएको लिखितजवाफ।**

समग्ररूपमा संवैधानिक एवं कानूनी परिस्थिति र अवस्थालाई हेरी संविधान तथा कानूनले तोकेको योग्यता र मापदण्ड पुरा गरेका व्यक्तिहरूलाई न्यायाधीशको पदमा सिफारिस गर्ने कार्यमा यस परिषदको सदस्यको हैसियतले आफूँबाट भूमिका निर्वाह गर्दै आएको र आगामी दिनमा पनि आफूले संवैधानिक एवं कानूनी दायित्व र कर्तव्य निर्वाह गर्ने विषयमा प्रतिवद्ध छु। विपक्षीले संविधान प्रदत्त आफ्नो के कुन हक हनन् भएको हो, सो कुरा स्पष्ट रूपमा खुलाउन सकेको समेत देखिदैन। यस परिषदको सदस्यको हैसियतले निर्वाह गर्नुपर्ने संवैधानिक दायित्व र कर्तव्यबाट निवेदकको कुनै हक हनन् भएको समेत नहुँदा प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **कानून, न्याय तथा संसदीय मामिला मन्त्री एवं परिषद सदस्यसमेतको तर्फबाट यस अदालतमा पेश भएको लिखितजवाफ।**

निवेदकले माग गरेको विषय नेपालको संविधान र न्याय परिषद ऐन तथा नियमावलीमा प्रष्ट भएको व्यवस्थाबमोजिम न्याय परिषदबाट निरन्तर अभ्यास भइरहेको अवस्था छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट बौद्धिक उत्सुकता वा चासो देखाई वा जनमानसमा आशंका, तनाव वा कौतुहलता उत्पन्न गराई निहित उद्देश्यले सार्वजनिक सरोकारको विवाद नामाकरण गरी अदालतमा प्रवेश गर्दैमा त्यस्ता विवादहरू न्यायिक निरुपणका लागि विचारणीय हुन्छन नै भन्ने होइन। अदालतले यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ भनी ने.का.प. २०४८ नि.नं. ४४३० अंक १२ तथा ने.का.प. २०७० नि.नं. ८९४० अंक १ मा सिद्धान्त प्रतिपादन भएको समेतबाट प्रस्तुत रिट निवेदनको औचित्य नदेखिँदा रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको लिखित जवाफ प्रस्तुतकर्ता न्याय परिषद सदस्य **पदमप्रसाद वैदिक र रामप्रसाद सिटौलाले यस अदालतमा पेश गरेको लिखित जवाफ।**

## यस अदालतको आदेश

४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश भएको प्रस्तुत रिट निवेदनसाथ संलग्न मिसिल कागजातको अध्ययन गरियो।

५. रिट निवेदककोतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री मनोहर लामिछाने, श्री थम्मलाल शर्मा, श्री सुरेन्द्र बिक्रम के.सी, श्री हरिकृष्ण श्रेष्ठ, श्री चिरञ्जिवी नेपाल, श्री कृष्णभक्त भट्टराई, श्री दिपक बिक्रम मिश्र, डा. श्री पूर्णप्रसाद खतिवडा, श्री इश्वरी प्रसाद सापकोटा र श्री खड्ग बहादुर राईले न्याय परिषदले नेपालको संविधानले दिएको जिम्मेवारी र दायित्व पुरा गर्न नसकेको, सर्वोच्च अदालत लगायत मातहतका अदालतमा दरबन्दी अनुसारको न्यायाधीश समयमा नियुक्ति तथा सिफारीस नगरेको कारणबाट समयमा मुद्दा फछ्र्यौट हुन नसकी नेपाली नागरिकको न्याय प्राप्तिको मौलिक हकमा अनुचित बन्देज लगाएको छ। न्यायाधीश अभावको कारण सर्वोच्च अदालतमा मुद्दाको बक्यौता बढेको, समयमा न्याय सम्पादन नभएको जसबाट मुद्दाका पक्ष तथा न्यायका उपभोक्ताहरुले न्याय पाउने हकबाट बञ्चित हुनु परेको छ। सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित रिट निवेदनहरु वर्षौंसम्म सुनुवाईको पालो नआउँदा न्याय पाउनु वा नपाउनुमा कुनै तात्त्विक फरक पर्ने अवस्था छैन। तसर्थ, संविधान र कानूनले स्पष्ट रुपमा तोकेको काम समयमा नै सम्पन्न गर्नुपर्ने एवम् जनतालाई न्याय दिने कार्यजिम्मेवारी भएका सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुको उमेर

हदका कारणसमेतबाट अवकाश पाउनुभन्दा एक महिना अगाडि नै नियुक्तिको सिफारिस गर्नुपर्ने भनी कानूनले तोकेको दायित्व पुरा गर्नु, न्यायाधीशको पद रिक्त भएको एक महिनाभित्रमा नै न्यायाधीश नियुक्ति प्रक्रिया थाल्नु, रिक्त भएको एक महिनाभित्रमा न्यायाधीश नियुक्ति गरिसक्नु भनी विपक्षीहरुको नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

६. विपक्षी न्याय परिषदसमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री सूर्यराज दाहालले न्याय परिषद संविधानबाट स्थापित संस्था भएको, यसको काम, कर्तव्य, अधिकार र जिम्मेवारी संविधान र कानूनले नै निर्दिष्ट गरेको छ। नेपालको संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने दायित्व र कर्तव्य न्याय परिषदमा रहेको छ। सोही धाराको उपधारा (७) मा न्याय परिषदले यस संविधानबमोजिम सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुग्ने व्यक्तिहरूको अध्यावधिक अभिलेख तयार गरी नियुक्तिसमेत हुँदै आइरहेको, रिट निवेदकको संविधान र कानूनी हकको हनन् भएको अवस्था नहुँदा रिट खारेज गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

७. माथि उल्लिखित रिट निवेदन बेहोरा र लिखित जवाफ एवं दुवैतर्फबाट पेश भएको बहस जिकिरसमेत सुनी देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

**क) न्याय परिषद सचिवालयबाट संविधान र कानूनले निर्दिष्ट गरेको समयावधीभित्र न्यायाधीश नियुक्ति लगायतका कामकारबाही गरी संविधान र कानूनको परिपालना भएको छ वा छैन?**

**ख) रिट निवेदको माग बमोजिमको परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था छ वा छैन?**

८. सर्वप्रथम निरुपण हुनुपर्ने पहिलो प्रश्न अर्थात् **न्याय परिषद सचिवालयबाट संविधान र कानूनले निर्दिष्ट गरेको समयावधिभित्र न्यायाधीश नियुक्तिसँग सम्बन्धित कामकारबाही गरी संविधान र कानूनको परिपालना गरेको छ वा छैन** भन्ने सम्बन्धमा विचार गर्दा रिट निवेदकले न्याय परिषदका अध्यक्ष एवम् सदस्य लगायत जिम्मेवार पदाधिकारीहरुबाट सर्वोच्च अदालत लगायत मातहतको अदालतहरुमा न्यायाधीश नियुक्ति लगायतका कामकारबाहीहरु कानूनले निर्धारण गरेको समयसीमाभित्र नगरेको, न्यायाधीश रिक्त भएको लामो समयसम्म नियुक्तिको कारबाही अगाडि नबढाई पदीय जिम्मेवारी बहन नगरेको, न्यायाधीश समयमा नै नियुक्ति नगर्दा सर्वोच्च अदालत लगायत मातहतका उच्च

अदालत तथा जिल्ला अदालतसमेतमा न्याय निरुपणको काम प्रभावित भएको, पुराना मुद्दाहरुको लगत बढ्दै गई न्याय सम्पादन प्रभावित भएको, सर्वोच्च अदालतमा प्रधान न्यायाधीश लगायत न्यायाधीशहरु अवकाश हुनुभन्दा एक महिना अगाडि नै नियुक्तिको लागि सिफारीस गर्नु पर्नेमा उक्त कार्य नगरी परिषदका जिम्मेवार पदाधिकारीहरुले संविधान र कानूनले सुम्पेको जिम्मेवारी समयमा नै पुरा नगरी जनताको न्याय पाउने संवैधानिक र कानूनी हक अधिकारमा समेत कुण्ठित गरेको, परिषदका जिम्मेवार पदाधिकारीले संवैधानिक र कानूनी दायित्वसमेत पुरा नगरको हुँदा अविलम्ब संविधान र कानूनले तोकेको जिम्मेवारी बहन गर्न लगाई रिक्त न्यायाधीश नियुक्तिको कारबाही प्रक्रिया अगाडि बढाउन लगाउनु भन्ने मुख्य निवेदन माग दावीसहित सार्वजनिक सरोकारको विषय निहित रहेको भनी रिट निवेदन दायर गरेको देखियो।

९. रिट निवेदकले उठान गरेको विषयवस्तु हेर्दा, न्याय परिषदको सचिवालयले न्यायाधीश नियुक्ति सम्बन्धमा समयमा बैठक राखी न्यायाधीश नियुक्ति नगरेको कारणबाट जनताको न्याय पाउने हक तथा अधिकार कुण्ठित हुनु परेको भन्ने संवेदनशील विषयको उजागर गरी सर्वोच्च अदालतमा पुराना मुद्दाको बक्यौता दिनानु दिन बढेको, पुराना मुद्दाहरुको संख्या तथा लगत बढेको कारणबाट समग्र न्यायपालिका प्रति नै जनताको आस्था र विश्वासमा समेत न्यूनिकरण हुँदै गएको र न्यायका उपभोक्ताहरुले समयमा नै न्याय नपाई संविधानले निर्दिष्ट गरेको न्याय प्राप्त गर्ने संविधान र कानूनद्वारा प्रत्याभूत गरेको हकमा आघात पर्न गएको भन्ने समेतका ज्यादै महत्वपूर्ण र संवदेनशील तथ्य उल्लेख गरेको देखिन आयो।

१०. न्याय प्राप्त गर्नु नेपालको संविधानले सुनिश्चित गरेको संवैधानिक हकका अतिरिक्त आम नागरिकको प्रभावकारी न्यायमा पहुँचको विषय पनि हो। संयुक्त राष्ट्रसंघको महासभाबाट १० डिसेम्बर १९४८ मा पारित गरिएको Universal Declaration of Human Rights, 1948 को धारा १० मा स्वतन्त्र र सक्षम न्यायिक निकायबाट न्याय पाउने प्रत्येक नागरिकको हकलाई मानव अधिकारको रुपमा स्वीकार गर्दै "Everyone is entitled in full equality to fair and public hearing by an independent and impartial tribunal, in the determination of his rights and obligations and of any criminal charge against him" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। त्यसैगरी अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी मुख्य सन्धि (Core Human Rights Treaties) हरूमा समेत स्वतन्त्र र सक्षम न्यायलयबाट निष्पक्ष न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ। नेपालले १४ मे,

१९९१ मा सम्मिलन गरी पक्ष राष्ट्रको हैसियत प्राप्त गरेको International Covenant on Civil and Political Rights, 1966 को धारा १४(१) मा अन्य कुराका अतिरिक्त सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुने तथा कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित, सक्षम, स्वतन्त्र तथा निष्पक्ष अदालत तथा न्यायाधिकरणद्वारा निष्पक्ष र सार्वजनिक सुनुवाइ गराई पाउने अधिकार हुनेछ भन्दै "All persons shall be equal before the courts and tribunals. In the determinations of any criminal charge against him, or of his rights and obligations in a suit at law, everyone shall be entitled to a fair and public hearing by a competent, independent and impartial tribunal established by law..." भन्नेसमेत उल्लेख भएको देखिन्छ। न्यायिक स्वतन्त्रताका सम्बन्धमा उल्लेख गरिएको सो कुरालाई पछि विभिन्न अन्तराष्ट्रिय तथा क्षेत्रीयस्तरमा भएका सन्धि, सम्झौता एवं घोषणा पत्र, मापदण्ड आदिद्वारा परिभाषित गरी पूर्णता प्रदान गर्दै लगिएको छ। साथै, उक्त व्यवस्थालाई विभिन्न देशहरुले राष्ट्रिय कानूनमा समेत अनुशरण गरेको अवस्था छ। उक्त व्यवस्था अनुसार समयमा नै न्याय प्राप्त गर्नु व्यक्तिको अधिकारको विषय भएको तथ्यलाई अन्यथा भन्न सकिने देखिदैंन।

११. सर्वोच्च अदालत लगायत मातहतको अदालतमा हुने न्यायाधीश नियुक्तिको सम्बन्धमा हाम्रो न्याय प्रणालीले अंगालेको विधि र पद्धतिको विवेचना गर्नु अघि सो सम्बन्धमा अन्तराष्ट्रिय स्तरमा भएका अभ्यास र सोलाई नेपालको सविधान एवम् कानूनले के कसरी अवलम्बन गरेको छ भनी व्याख्या गर्नु सान्दर्भिक हुने देखिन आयो। UN Basic Principles को १० नं. मा "Persons selected for judicial office shall be individuals of integrity and ability with appropriate training or qualifications in law. Any method of judicial selection shall safeguard against judicial appointment for improper motives. In the selection of judges, there shall be no discrimination against a person on the grounds of race, color, sex, religion, political or other opinion, national or social origin, property, birth or status, except that a requirement that a candidate for judicial office must be a national of the country concerned, shall not be considered discriminatory" भनी उल्लेख भएको पाइन्छ।यसरी न्यायिक निकायका लागि विश्वसनीयता, निष्ठा तथा उपयुक्त योग्यता, अनुभव र तालिम भएका सक्षम व्यक्तिहरूबाट न्यायाधीश छनौट गर्नुपर्ने भन्ने रहेको छ। त्यस्तै कुनै पनि व्यक्ति विरुद्ध निजको जात, रङ्ग, लिङ्ग, धर्म राजनीति आस्था वा अन्य विचार, राष्ट्रिय वा सामाजिक

उत्पत्ति, सम्पत्ति, जन्म वा स्तरको आधारमा भेदभाव गर्नु हुँदैन भन्ने तथ्यलाई अन्तराष्ट्रिय मापदण्डको रुपमा समेत स्वीकार गरिएको पाइन्छ। यसरी आफूसमक्ष प्रस्तुत हुने कानूनी विवादहरुलाई स्वतन्त्र र निष्पक्ष रुपमा निरुपण गर्ने क्षमता र व्यक्तिगत मर्यादालाई सम्मान गर्दै कानून लागू गर्ने क्षमताका आधारमा न्यायाधीश नियुक्त गरिनु पर्ने अन्तर्राष्ट्रिय मान्यता सर्वस्वीकार्य रहेको देखिन्छ।

१२. European Charter on the Statute for Judges, 1998[१] को प्रकरण १.३ मा न्यायाधीशको छनौट, पदपूर्ति, बढुवा वा पदको समाप्तिलाई प्रभाव पार्ने कुनै पनि निर्णयहरूमा कार्यपालिका तथा व्यवस्थापिकाबाट स्वतन्त्र रहेको निकायबाट गर्नुपर्ने भन्ने रहेको देखिन्छ। यस प्रकार न्यायाधीश नियुक्ति वा छनौटका सम्बन्धमा अन्तर्राष्ट्रिय र क्षेत्रीय दस्तावेजहरूले विभिन्न दृष्टिकोण अवलम्बन गरेको देखिन्छ। यूरोपेली मुलुकहरूमा न्यायाधीशको नियुक्ति कार्यपालिका र न्यायपालिकाभन्दा पृथक स्वतन्त्र परिषद्बाट गर्नुपर्ने, न्यायाधीश नियुक्तिका आधारहरू निष्पक्ष र पारदर्शी हुनुपर्ने तथा योग्यता, अनुभव र क्षमताको आधारमा न्यायाधीश नियुक्ति हुनुपर्ने भन्ने विषय उल्लेख गरिएको देखिन्छ। पछिल्लो समयमा संयुक्त अधिराज्यमा न्यायाधीश नियुक्ति गर्ने संयन्त्रमा कार्यपालिकाको प्रतिनिधित्व नरहने र न्यायपालिकाको समेत स्थायी प्रकृतिको प्रतिनिधित्व नरहने गरी नियुक्ति प्रक्रियाको लागि एक छुट्टै निकाय गठन गरी नियमित काम गर्ने न्यायाधीशहरूलाई न्यायाधीश नियुक्तिको प्रक्रियाबाट मुक्त गरी मुद्दा फैसलामा मात्र केन्द्रित गरिएको देखिन्छ।[२]

१३. उल्लिखित विषयहरु अन्तराष्ट्रिय रुपमा नागरिकको न्याय पाउने अधिकार र न्यायाधीश नियुक्तिको पद्धतिसँग सम्बन्धित विषयका अतिरिक्त निवेदकले कानूनले निर्धारण गरेको समयसीमाभित्र न्यायाधीश नियुक्ति नभएको कारणबाट न्यायका उपभोक्ताले समयमा नै न्याय नपाएको विषय उठान गरिएको हुँदा सोही विषयमा केन्द्रित रही हाम्रो संवैधानिक र कानूनी विषयमा केन्द्रित रहनु पर्ने देखियो। नेपालको संविधानको प्रस्तावनामा **स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको** अवधारणालाई आत्मसाथ

---

[१] In respect of every decision affecting the selection, recruitment, appointment, career progress or termination of office of a judge, the statute envisages the intervention of an authority independent of the executive and legislative powers within which at least one half of those who sit are judges elected by their peers following methods guaranteeing the widest representation of the judiciary.

[२] हेर्नुहोस, संयुक्त अधिराज्यको Constitutional Reform Act, 2005 र सो अन्तर्गत बनेको Judicial Appointments Regulation, 2013.

गरी धारा २० मा **न्याय सम्बन्धी हक**लाई मौलिक हकको रुपमा स्थापित गरी नागरिकले सक्षम र स्वतन्त्र न्यायपालिकाबाट न्याय पाउने हक रहेको तथ्यमा विमति राख्नुपर्ने अवस्था देखिदैन। संविधानको भाग ११ मा **न्यायपालिका** सम्बन्धी व्यवस्था गरी धारा १२६ मा **न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने**, ऐ. को उपधारा (१) मा **नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने,** ऐ. को उपधारा (२) मा **मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालन गर्नुपर्ने**, धारा १२७ मा **नेपालमा रहने अदालत,** धारा १२८ मा **सर्वोच्च अदालत सम्बन्धी व्यवस्था गरी सबै अदालत तथा न्यायिक निकाय यस मातहत रहने, कानून र संविधानको अन्तिम ब्याख्या कर्ता, मातहतका अदालत तथा न्यायिक निकायको सुपरिवेक्षण गर्ने, निर्देशन दिने, न्याय सम्पादनको कार्यमा कसैले अवज्ञा गरेमा वा अबरोध सिर्जना गरेमा अवहेलनाको कारबाही गर्ने,** धारा १२९ मा **नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता** सम्बन्धी व्यवस्था गरेको छ। ऐ. को उपधारा (१) मा **सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढिमा बीस जना न्यायाधीश रहने**, उपधारा (२) मा **संबैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने**, ऐ. को उपधारा (३) मा **सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तिमा तीन बर्ष काम गरेको व्यक्ति प्रधान न्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुने** र उपधारा (४) मा **प्रधान न्यायाधीशको पदावधी छ वर्षको हुनेछ भन्ने व्यवस्था गरेको** छ। त्यस्तै, धारा १३९ **मा उच्च अदालत**को व्यवस्था गरिएको, ऐ. को धारा १४० मा उच्च अदालतको **मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति र योग्यता,** धारा १४८ मा **जिल्ला अदालतको व्यवस्था** गरिएकोमा धारा १४९ मा **जिल्ला अदालतको न्यायाधीशको नियुक्ति योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्त** सम्बन्धी व्यवस्था गरेको छ।

१४. उल्लिखित संवैधानिक व्यवस्थाको अतिरिक्त सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा न्यायाधीश नियुक्तिको सम्बन्धमा नेपालको कानूनको विकास सँगसँगै नियुक्ति प्रणाली पनि रुपान्तरण हुँदै आएको पाइन्छ। प्रधान न्यायाधीश तथा सर्वोच्च अदालत लगायत पुनरावेदन र जिल्ला न्यायाधीश नियुक्तिको व्यवस्थित अभ्यासको रुपमा नेपाल अधिराज्यको संविधान, २०४७ बाट प्रारम्भ भएको देखिन्छ। नेपाल अधिराज्यको संविधानको धारा ९३ मा प्रधान न्यायाधीशको अध्यक्षतामा पाँच सदस्यीय न्याय परिषद्को

व्यवस्था गरिएकोमा न्याय परिषद्को अन्य अधिकार र कर्तव्य कानूनद्वारा तोकिएबमोजिम हुनेछ भन्ने उल्लेख गरिएको देखिन्छ। नेपालमा यसअघि अभ्यास नभएको न्याय परिषद्को संरचना किन आवश्यक पर्यो भन्ने सम्बन्धमा हेर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को व्याख्यात्मक टिप्पणीमा **"अन्य क्षेत्रबाट पर्न सक्ने प्रभावबाट मुक्त गराई न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण्ण राख्नु"** रहेको देखिन्छ।[३] न्याय परिषदले स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरेर कानूनी राजको अवधारणालाई साकार पार्न परिषद्ले निष्पक्ष र न्यायपालिकाको जनआस्था अभिवृद्धि गराउन प्रतिबद्ध रही काम गर्नुपर्ने, न्यायपालिकाभित्र गुटबन्दी हुन नहुने, सर्वोच्च अदालतका न्यायाधीशहरूमा कार्यकुशलता, इमान्दारिता, निष्पक्षता र नैतिक आचरण रहेको हुनुपर्ने तत्कालीन संविधान सुझाव आयोगका सदस्यहरू अर्थात् नेपाल अधिराज्यको संविधान, २०४७ का मस्यौदाकारहरूले अपेक्षा गरेको देखिन्छ।[४] नेपाल अधिराज्यको संविधान, २०४७ ले न्याय परिषदमा एक जना प्रधान न्यायाधीश र दुई जना वरिष्ठतम् न्यायाधीशहरूलाई पदेन सदस्यको रूपमा समावेश गरी बहुमत संख्यामा सर्वोच्च अदालतका न्यायाधीशहरूलाई न्याय परिषद्को जिम्मेवारी सुम्पेको देखिन्छ। यसैकारण संविधान सुझाव आयोगका सदस्यहरूले न्याय परिषद्को संयन्त्रको सफलताका लागि सर्वोच्च अदालतका न्यायाधीशहरूले निर्वाह गर्ने भूमिका महत्त्वपूर्ण हुने उल्लेख गरेको बुझ्न सकिन्छ।

१५. राजनीतिक तथा संवैधानिक परिवर्तनसँगै लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको आरम्भ पश्चात जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक परिषदको संरचना, न्याय परिषदमा कार्यकारी निकायको उपस्थिति र भूमिका एवं प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतमा सिफारिस भएका न्यायाधीशको व्यावस्थापिका संसदका सदस्यबाट संसदीय सुनुवाई र अनुमोदन गर्ने विषय समाहित गरी न्यायाधीश नियुक्ति प्रणालीमा नयाँ आयाम थपेको देखिन्छ। यसअघि न्याय परिषदमा सर्वोच्च अदालतका न्यायाधीशहरू बहुमत संख्यामा रहने गरेकोमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ को (१) को देहाय (ङ) मा नेपाल बार एशोसिएशनको प्रतिनिधिलाई समेत स्थान दिई सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशहरूको पदेन सदस्य संख्यालाई एक कायम गरिएको देखिन्छ। यससँगै न्याय परिषदको सदस्य संख्यामा यस अघि चार जना पदेन सदस्य रहने गरेकोमा नेपालको अन्तरिम संविधान, २०६३ पछि उक्त सख्या तीन

[३] हेर्नुहोस, संविधान सुझाव आयोग, नेपाल अधिराज्यको संविधान २०४७ को व्याख्यात्मक टिप्पणी, धारा ९७।

[४] मुकुन्द रेग्मी, संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७, अंक १, पृ. ३९९।

कायम भई अन्य दुई जना सदस्यहरूको नियुक्ति गरिने व्यवस्था गरिएको देखिन्छ। यद्यपि नेपालको संविधान जारी गर्ने जिम्मेवारी पाएको पहिलो संविधानसभाले न्यायाधीश नियुक्ति सम्बन्धी संयन्त्रका रूपमा रहेको न्याय परिषदलाई प्रतिस्थापन गर्न न्यायाधीशहरूको नियुक्ति संघीय संसदको बहुमतबाट पारित भएपछि राष्ट्राध्यक्षबाट हुने व्यवस्था गर्नु उपयुक्त हुने भनी प्रतिवेदन पेस गरेको देखिन्छ।[५] यसकारण नेपालको संविधान जारी हुनुपूर्व तयार गरिएको प्रारम्भिक मस्यौदा र मिति २०७२।५।४ गते संविधान सभामा पेस गरिएको संविधानको परिमार्जित विधेयक, २०७२ मा न्याय परिषद सम्बन्धी व्यवस्था रहेको पाईँदैन। यसरी संविधान सभामा प्रस्तुत गरिएका मस्यौदा एवम् प्रतिवेदनमा न्याय परिषदको संयन्त्रलाई प्रतिस्थापन गर्नुपर्ने मनसाय व्यक्त गरिएकोमा स्वतन्त्र न्यायपालिकाका निमित्त न्याय परिषदीय प्रणाली अपरिहार्य हुने उल्लेख गर्दै संविधान निर्माण प्रक्रियामा बारम्बार फरक मत व्यक्त गरिएको पाइन्छ।[६] अन्ततः उक्त फरक मतहरू जनमतमा परिणत भई नेपालको संविधान जारी हुने समयमा न्याय परिषद सम्बन्धी व्यवस्थालाई निरन्तरता दिएको देखिन्छ।

१६. नेपालको संविधानमा निर्धारण गरिएको न्याय परिषद एवम् न्यायाधीश नियुक्ति सम्बन्धी संयन्त्रका सम्बन्धमा यहाँ आवृत्त गर्नु आवश्यक देखिन्छ। प्रधान न्यायाधीशको नियुक्तिको निमित्त संविधानको धारा २८४ मा **संवैधानिक परिषदको** व्यवस्था गरेकोमा ऐ. को उपधारा (१) मा **यस संविधानबमोजिम प्रधान न्यायाधीश र संवैधानिक निकायको प्रमुख र पदाधिकारीहरुको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्री अध्यक्ष, प्रधान न्यायाधीश सदस्य, प्रतिनिधि सभाको सभामुख सदस्य, राष्ट्रिय सभाको अध्यक्ष सदस्य, प्रतिनिधि सभाको विपक्षी दलको नेता सदस्य, प्रतिनिधि सभाको उपसभामुख सदस्य रहने**, ऐ. को उपधारा (२) मा प्रधान न्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्दा **संबैधानिक परिषदमा नेपाल सरकारको कानून तथा न्याय मन्त्री सदस्यको रुपमा रहने** र ऐ. को उपधारा (३) मा **संबैधानिक परिषदले प्रधान न्यायाधीश वा संबैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनभन्दा एक महिना अगावै यस संविधानबमोजिम सिफारिस गर्नु पर्नेछ** भन्ने व्यवस्था गरेको पाइन्छ। सविधानको यस

[५] संविधान सभा न्याय प्रणाली सम्बन्धी समिति, अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६, पृ. ९८।

[६] हेर्नुहोस्, संविधान सभा संविधान मस्यौदा समिति, संविधानको प्रारम्भिक मस्यदा, २०७२ मा प्राप्त फरक मत तथा सुझावहरू (२०७२)भित्र मस्यसदा समितिका सदस्यहरूको फरक मत, पृ. ४/१० (नियुक्ति. धारा १३३ (१): संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको र न्यायपरिषद्को सिफारिसमा समानुपातिक समावेशी सिद्धान्त अनुरुप सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ।)

व्यवस्थाले प्रधान न्यायाधीशको नियुक्तिको निमित्त कार्यपालिका र व्यवस्थापिकाको प्रतिनिधिको रोहवरमा नियुक्ति गरिने र पद रिक्त हुनुभन्दा एक महिना अगावै सिफारिस गरी न्यायपालिकालाई प्रमुख विहिन हुनबाट रोक्ने तथा नियुक्तिको सुनिश्चिततासमेत प्रदान गर्ने संविधानका मस्यौदाकारको मनसाय रहेको देखिन्छ।

१७. सर्वोच्च अदालतका न्यायाधीश तथा उच्च र जिल्ला अदालतका न्यायाधीश नियुक्तिको सम्बन्धमा संविधानको धारा १५३ मा न्याय परिषदको व्यवस्था गरेको छ। ऐ. को उपधारा (१) मा **यस संविधानबमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद रहनेछ,** जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू **रहनेछन्: प्रधान न्यायाधीश अध्यक्ष, संघीय कानून तथा न्याय मन्त्री सदस्य, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एक जना सदस्य, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको एक जना कानूनविद् सदस्य, नेपाल बार एसोसिएशनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता सदस्य** रहने गरी न्याय परिषदको संरचनागत व्यवस्था गरिएको छ। त्यस्तै, उपधारा (७) मा **न्याय परिषदले यस संविधानबमोजिम सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुग्ने व्यक्तिहरूको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने** तथा उपधारा (८) मा **न्याय परिषदको अन्य काम, कर्तव्य र अधिकार संघीय कानूनबमोजिम हुनेछ** भन्ने समेतको व्यवस्था गरिएको पाइन्छ।

१८. न्याय परिषदबाट सम्पादन हुने कामकारबाहीलाई व्यवस्थित गर्नको लागि बनेको न्याय परिषद ऐन, २०७३ मा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा न्यायाधीश नियुक्तिको निमित्त अभिलेख तयार गर्ने सम्बन्धी व्यवस्था गरी ऐ. को उपदफा (१) मा **न्याय परिषदले संविधानबमोजिम न्यायाधीश पदमा नियुक्ति हुन योग्यता पुगेको नेपाली नागरिकहरुको अभिलेख तयार गरी राख्नु पर्ने,** उपदफा (२) मा उपदफा (१) को प्रयोजनको लागि **न्याय परिषदले सर्वोच्च अदालत, न्याय सेवा आयोग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल कानून ब्यवसायी परिषद लगायतका अन्य उपयुक्त संस्थासमेतबाट संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेका व्यक्तिको विवरण माग गर्न सक्ने,** उपदफा (३) मा **उपदफा (२) बमोजिम प्राप्त हुने विवरणको अतिरिक्त न्याय परिषदले सार्वजनिक सूचना प्रकाशन गरी संविधानबमोजिम न्यायाधीश पदको नियुक्ति हुन योग्यता पुगेको व्यक्ति र यो ऐन प्रारम्भ**

**हुनु अगाडि कुनै अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश भई काम गरेका संविधानबमोजिम नियुक्त हुन सक्ने व्यक्तिको विवरण संकलन गर्ने**, उपदफा (४) मा **यस दफा बमोजिम अभिलेख न्याय परिषदका सचिवको जिम्मामा रहने** भन्ने व्यवस्था गरी सबै तहको अदालतमा रिक्त न्यायाधीश समयमा नै पदपूर्ति गर्न सकोस् भन्ने सुनिश्चितता प्रदान गर्न न्यायाधीश हुन योग्यता पुगेको नेपाली नागरिकहरुको विवरण संकलन गरी योग्य व्यक्तिहरुको रोष्टर तयार गर्ने जिम्मेवारी न्याय परिषद र परिषदको सचिवलाई जिम्मेवारी सुम्पेको देखिन्छ।

१९. **ऐनको दफा** ४ मा रिक्त न्यायाधीशको सिफारिस गर्ने सम्बन्धमा व्यवस्था गरेकोमा ऐ. को उपदफा (१) मा न्याय परिषदले उमेर हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकीन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्ने, उपदफा (२) मा उमेर हदबाट अवकाश भएको बाहेक अन्य कारणबाट सर्वोच्च अदालतको न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषदले त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्ने तथा ऐ. को उपदफा (३) मा उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषदले त्यस्तो पद रिक्त भएको मितिले तीन महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ भन्नेसमेतको कानूनी व्यवस्था गरेको पाइन्छ।

२०. यसरी नेपालको संवैधानिक इतिहास, नेपालको संविधान र प्रचलित नेपाल कानूनमा उल्लेख गरिएका प्रावधानहरूमा न्याय परिषदलाई स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको पूर्वशर्तको रूपमा हेरिएको देखिन्छ। न्याय परिषदको सफलता यसका पदाधिकारीहरूको कार्यकौशलता, इमान्दारिता, निष्पक्षता र नैतिक आचरणमा निर्भर रहन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ मा जस्तो बहुमत सदस्य संख्या सर्वोच्च अदालतका न्यायाधीश नरहेको वर्तमान न्याय परिषदमा कानून मन्त्री, नेपाल बार एशोसिएशनबाट सिफारिस भई आउने वरिष्ठ अधिवक्ता वा अधिवक्ता र प्रधानमन्त्रीको सिफारिसमा नियुक्त हुने कानूनविद्समेतले समान कानूनी तथा नैतिक जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ। न्याय परिषद न्यायाधीश नियुक्ति वा बर्खास्ती गर्ने प्राविधिक संयन्त्रको रूपमा मात्र हुने नभई स्वतन्त्रता, योग्यता र निष्पक्षताको प्रतिकको रूपमा रहने हुँदा यसको कामकारबाहीबाट न्यायपालिकाको सार्वजनिक विश्वास आर्जन हुने देखिन्छ। कानूनले निर्धारण गरेको समयसीमाभित्र न्यायाधीश नियुक्ति नभएका कारण न्यायपालिकाले पूर्ण क्षमतामा कार्यसम्पादन गर्न नसकेको अवस्थामा न्याय क्षेत्रको सार्वजनिक विश्वासमा ह्रास आउने र

न्याय परिषदको प्रभावकारिता माथि नै प्रश्न चिह्न खडा हुन सक्ने हुँदा न्याय परिषदका प्रत्येक सदस्यहरूका साथै पदेन सदस्य बाहेकका अन्य सदस्य सिफारिस र नियुक्त गर्ने निकायहरूले समेत संवेदनशिलताका साथ यस विषयलाई मनन् गर्नुपर्ने देखिन्छ।

२१. साथै, समयमै न्यायाधीश नियुक्ति गर्नुपर्ने जिम्मेवारी पुरा गर्न न्याय परिषद ऐनले न्यायाधीश हुन योग्य भएका व्यक्तिहरुको अभिलेख तयारी गर्नको लागि सरोकार रहेका निकायहरुसँग समन्वय गरी विवरण संकलन गर्ने, नियुक्तिमा इच्छुक व्यक्तिहरुलाई सूचित हुन सार्वजनिक सूचना प्रकाशित गर्ने र प्राप्त भएका व्यक्तिहरुको विवरण राख्ने जिम्मेवारी परिषदलाई कानूनले दिएको अवस्थामा सो व्यवस्थालाई वस्तुनिष्ठ एवं पारदर्शी रूपमा कार्यान्वयन गर्नु परिषदका पदाधिकारीहरुको बाध्यात्मक दायित्वभित्र पर्ने देखिन्छ। कानूनतः न्याय परिषदले एक आर्थिक वर्षभित्र तीनै तहका अदालतमा उमेरहदका कारणबाट अवकाशमा जाने न्यायाधीशको अभिलेख तयार गरी उक्त अवकाश हुने संख्याको आधारमा नियुक्तिका लागी सम्भाव्य उम्मेदवारहरुको सूची बनाई राख्ने गरेको भन्ने देखिन्छ। यसको अर्थ रिक्त हुने न्यायाधीशहरु कानूनले निर्धारण गरेको समयसीमाभित्र नियुक्ति गर्ने भन्ने उद्देश्यबाट नै गरेको भन्ने बोध हुन्छ। न्याय परिषदको संरचना तथा कार्यविधिगत जटिलताहरुले गर्दा यदाकदा नियुक्तिको कार्य प्रारम्भ हुन नसकेको भन्ने देखिए तापनि परिषदलाई संविधान र कानूनले दिएको जिम्मेवारी पुरा गर्नुपर्ने परिषदका पदाधिकारीहरुको उत्तरदायित्व रहनुका साथै संविधान र कानून प्रतिको जवाफदेहिताको विषय पनि हो भन्ने देखिन्छ।

२२. रिट निवेदकले न्याय परिषदबाट यथोचित समयमा न्यायाधीश नियुक्ति नगरी संविधान र कानूनको परिपालना नगरेको भन्ने सम्बन्धमा परिषदबाट पेश भएको लिखित जवाफको बेहोरा हेर्दा पनि परिषदमा रहने पदाधिकारीहरुको संरचना प्रधान न्यायाधीश अध्यक्ष र संघीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सदस्य, सर्वोच्च अदालतका बरिष्ठतम न्यायाधीश सदस्य रहनुका साथै दुई जना परिषदका सदस्यहरुमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने कम्तीमा बीस वर्षको कार्यअनुभव भएको बरिष्ठ अधिवक्ता वा अधिवक्ता र नेपाल बार एशोसिएसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्ति हुने कम्तीमा बीस वर्षको कार्य अनुभव भएको बरिष्ठ अधिवक्ता वा अधिवक्ता सदस्य रहने व्यवस्था गरेको छ। यदाकदा परिषदका सदस्यहरुमध्ये प्रधानमन्त्रीको तर्फबाट एवं नेपाल बार एशोसिएशनको प्रतिनिधित्व गर्ने सदस्यको समयमा नै नियुक्ति नभएको अवस्थामा नियुक्ति प्रक्रियामा विलम्ब हुन गएको हुन सक्छ। तथापी अन्य अवस्थामा परिषदलाई संविधान र कानूनले सुम्पिएको जिम्मेवारी पूरा गर्दै आएको भनी लिखित जवाफमा उल्लेख

गरेको देखिन्छ। प्रस्तुत रिट निवेदन दायर हुनु अघि परिषदबाट सर्वोच्च अदालतमा विगत वर्षहरुमा न्यायाधीश नियुक्ति सिफारिसको तथ्यगत बेहोरा हेर्दा नेपालको संविधान जारी भएपश्चात मिति २०७२।११।१८ गते एघार जना, मिति २०७३।०९।१८ गते दुई जना र मिति २०७४।०५।२८ गते तीन जनालाई सर्वोच्च अदालतमा नियुक्ति सिफारिस गरेको देखिन्छ। यस तथ्यबाट पनि परिषदले न्यायाधीश नियुक्तिको निमित्त बैठक नै नबसेको, नियुक्तिको सिफारिस नै नगरेको कारणबाट सेवाग्राहीको न्याय पाउने संवैधानिक र कानूनी हकलाई अनूचित बन्देज लगाएको भनी मान्न मिल्ने देखिएन। नेपालको संविधानले न्याय परिषदको संरचना, भूमिका र परिषदमा नियुक्ति हुने सदस्यको नियुक्ति सम्बन्धमा विविध पक्षहरुले गर्दा परिषदको बैठक बस्न विलम्ब भएको आधारबाट मात्र संविधान र कानूनको परिपालना नगरेको भनी मान्न मिल्ने देखिएन।

२३. **अब निरुपण गर्नुपर्ने दोश्रो प्रश्न अर्थात रिट निवेदकको मागअनुसार परमादेश जारी गर्नुपर्ने हो होइन** भन्ने सम्बन्धमा विचार गर्दा रिट निवेदकले नेपालको संविधानको प्रस्तावनामा नै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनको शासनलाई राखुका साथै न्याय पाउनु जनताको मौलिक हकको रुपमा स्थापित गरेको अवस्थामा न्यायपालिकामा न्यायाधीश नियुक्ति हुन नसकेको कारणबाट न्यायका उपभोक्ताले समयमा न्याय नपाएको, सर्वोच्च अदालत लगायत मातहतका अदालतहरुबाट न्याय सम्पादन कार्यमा अवरोध खडा भई मुद्दाको लगत बढ्न गएको, राज्यका अङ्गहरुमा रहने अधिकारीहरुले आफूलाई संविधान र कानूनले सुम्पिएका जिम्मेवारी समयमा नै पुरा गर्न नसकेको अवस्थामा राज्यमा सुशासन, विकास र समृद्धिमा अवरोध पुग्ने, सामाजिक शान्ति र मानव अधिकार र लोकतान्त्रिक शासन व्यवस्थालाई प्रभावित पार्ने भन्ने जस्ता विषय उजागर गरेको देखिन्छ। रिट निवेदकले सर्वोच्च अदालतमा मिति २०७४।१२।०१ गते सम्माननीय प्रधान न्यायाधीशले राजिनामा दिएकोमा लामो समयसम्म नियुक्तिको निमित्त संवैधानिक परिषदले सिफारिस नगरेको साथै मिति २०७४।०५।२८ गते न्याय परिषदको बैठक बसे तापनि चार जना रिक्त रहेकोमा तीन जनामात्र न्यायाधीश नियुक्तिको निमित्त सिफारिस गरी संविधान र कानूनको अवज्ञा गरेको भन्ने जिकिर लिएको देखिन्छ। न्याय परिषदलाई संविधानले न्यायाधीश नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासन सम्बन्धी अन्य जिम्मेवारीसमेत पुरा गर्ने संवैधानिक दायित्व सुम्पेको छ। उक्त दायित्व पुरा गर्नको निमित्त न्याय परिषदले सर्वोच्च अदालत लगायत मातहतका अदालतहरुमा रिक्त हुने न्यायाधीशहरुको अभिलेख तयार गर्ने, नियुक्तिको लागि

सरोकारवाला नियकायहरुसँग योग्यतम् व्यक्तिहरूको विवरण माग गरी अद्यावधिक गर्ने अख्तियारी दिएको देखिन्छ। उक्त मुख्य कार्यहरु समयमा नै न्यायाधीश नियुक्तिको निमित्त चाहिने आवश्यक पूर्वाधारहरु हुन्। त्यस्तै, परिषदलाई सर्वोच्च अदालतमा उमेरहदबाट अवकाश हुने प्रधान न्यायाधीश तथा न्यायाधीशको पद यकीन गरी पद रिक्त हुनुभन्दा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्नुपर्ने, उमेर हदबाट अवकाश भएका बाहेक अन्य कारणबाट पद रिक्त भएमा रिक्त भएको मितिबाट एक महिनाभित्र नियुक्तिको निमित्त सिफारिस गर्नुपर्ने र उच्च अदालतहरुका मुख्य न्यायाधीश र न्यायाधीशका पद रिक्त हुन आएमा पद रिक्त भएको मितिले तीन महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नुपर्ने भन्ने बाध्यात्मक दायित्व कानूनले सुम्पेको छ।

२४. रिट निवेदकले न्यायाधीश नियुक्तिको सम्बन्धमा कानूनले निर्धारण गरेको समयसीमाभित्र नियुक्ति हुनुपर्ने भन्ने सार्वजनिक सरोकारको विषय सकारात्मक रुपमा उठान गरेको देखिन्छ। कानूनले निश्चित समयभित्र सम्पादन हुनुपर्ने भनी समयसिमा किटान गरेको अवस्थामा अन्यथा गर्न पाउने देखिदैन। संविधान र कानूनले तोकेको सार्वजनिक कर्तव्य पूरा गर्नु सम्बन्धित पदाधिकारीहरूको जिम्मेवारी हो। विधायिकाले कानून निर्माण गर्दा कुनै कार्य यति समयसीमाभित्र सम्पादन गरी सक्नु पर्ने भनी राखेको छ भने त्यस्तो विषयको महत्व, गहनता, गाम्भीर्यको आधारमा बाध्यात्मक रुपमा पालन गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट पुष्पकमल दाहाल प्रचण्ड विरुद्ध संवैधानिक परिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेशको[७] रिट निवेदनमा **कुनै कार्य सम्पादन गर्ने सम्बन्धमा कुनै कानूनले स्पष्ट र वाध्यात्मक व्यवस्था गर्दछ भने त्यो कार्यविधि अनिवार्य रुपमा जस्ताको त्यस्तै पालना भएकै हुनुपर्दछ। कानूनले किटानी वा वाध्यात्मक व्यवस्था गर्दैन भने मात्र स्वविवेक वा तजवीजको प्रयोग हुन सक्ने गुन्जाइस रहन्छ। वाध्यात्मक व्यवस्थाको प्रयोग तजवीजबाट नभई कानूनबमोजिम नै हुनु अपरिहार्य र वाञ्छनीय हुने** भनी ब्याख्या भएको पाइन्छ। उक्त व्याख्या र न्याय परिषद ऐन, २०७३ दफा ४ को सापेक्ष्यताको आधारबाट न्याय परिषदले सर्वोच्च अदालतका न्यायाधीश तथा मातहतका अदालतमा अनिवार्य अवकाशबाट वा अन्य कारणबाट पद रिक्त भएको अवस्थामा कानूनले निर्धारण गरेको समयसीमाभित्र नै नियुक्ति गरी संविधान र कानूनको परिपालना गर्नुपर्ने देखिन आयो।

[७] ने.का.प..२०६७, अंक ७, नि.नं. ८४०६

२५. अतः प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालत लगायत मातहतका अदालतमा मुद्दाको चाप बढेको, न्याय सम्पादनको कार्यमा ढिलाई हुन गएको भन्ने समेतको महत्वपूर्ण तथ्य उठान गरिएको हुँदा अवकाशको कारणबाट वा अन्य कारणबाट सर्वोच्च अदालतको प्रधान न्यायाधीश, न्यायाधीश तथा मातहतका अदालतका न्यायाधीशहरुको पद रिक्त भएको अवस्थामा कानूनले तोकेको प्रक्रिया पुरा गरी समयसीमाभित्र नियुक्ति गर्नु भनी न्याय परिषद सचिवालय लगायतका विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ।

२६. आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरुलाई दिनू।

२७. आदेशको नक्कल माग गर्न आउने सरोकारवालाहरुलाई नियमानुसार गरी नक्कल दिनू।

२८. प्रस्तुत रिट निवेदनको आदेशको पूर्णपाठ तयार नगर्दै मिति २०८२।०५।२४ गते यस अदालतमा भएको आगजनी, तोडफोड र लुटपाटका कारण सक्कल मिसिल फेला नपरेको हुँदा मुद्दा व्यवस्थापन सफ्टवेयरबाट देखिएको प्रस्तुत रिट निवेदनको स्थिति (Status) तथा रिट निवेदनको आदेश तयारीको क्रममा गरिएको सफ्टवेयर प्रणालीमा भएको टिपोट तथा उपलब्ध भएका कागजातका आधारमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणिकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ५(४), १०(२), र ११ समेतबमोजिम यो आदेश तयार गरिएको छ ।

२९. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी यस अदालतमा प्राप्त सुरु र रेकर्ड मिसिलसमेत आगजनीका कारण जली नष्ट भएको हुँदा जली नष्ट भएको मिसिल खडा गर्नु भनी सोको जानकारी सहित प्रस्तुत आदेश नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(विनोद शर्मा)
न्यायाधीश

**इजलास अधिकृतः** बासुदेव पाण्डे

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल भदौ १८ गते रोज ३ शुभम् ...............................।